# मालपोत कार्यालय खैरहनी चितवन बाट

# जारि गरिएको भू-सेवा केन्द्र सम्बन्धी सूचना

प्रकाशित मिति २०७७/१०/१९

यस मालपोत कार्यालय खैरहनी चितवनको कार्यक्षेत्र अन्तर्गतका सम्पुर्ण कार्यहरु सार्वजनिक पहुँच प्रणाली तथा भू-सूचना प्रणाली बाट गर्ने भएकोले सो सँग सम्बन्धित तपशिल बमोजमको योग्यता पुर्वाधारहरु पुरा गरि मालपोत नियमावली २०३६ को दफा २३(क) बमोजिम भू-सेवा केन्द्र संचालन गर्न इच्छुक संस्था,व्यक्ती,स्थानिय निकाय तथा लेखापढी/कानुन व्यवसायीहरुलेOnlineमार्फत www.public.dolma.gov.np मा र Hardcopy सहित कार्यालयमा निवेदन पेश गर्नु हुन यो सूचना प्रकाशित गरिन्छ ।

# १.भू-सेवा केन्द्र सञ्चालनको लागि चाहिने योग्यता/भौतिक पुर्वाधार

क)अठार बर्ष उमेर पुरा भइ नेपाली नागरिकताको प्रमाण पत्र प्राप्त गरेको ।

ख)कम्प्युटर बिषय लिई +२ वा सो सरह उर्तिर्ण गरेको वा कम्तिमा ६ महिना कम्प्युटर सम्बन्धी तालिम लिएको (लेखापढी तथा कानुन व्यवसायिक को हकमा आवश्यक नपर्ने)

(ग)प्रचलित कानुन बमोजिम स्थायी लेखा नम्बर लिएको ।

(घ)नैतिक पतन देखिने फौजदारी कसुर वा लिखत सम्बन्धी कुनै कसुर मा अदालतबाट दोषी प्रमाणित नभएको ।

(ङ)भौतिक पुर्वाधारहरु

:-कम्प्युटर,प्रिन्टर,पावर ब्याकअप,स्क्यानर

-भू-सेवा प्रणालीसँग कम्प्युटर हुने बायोमोट्रिक डिभाइस,वेब क्यामरा तथा दस्तखत मेशिन

-कम्तिमा २/२ Mbps को Internet Connectivity

## २.संस्थाको हकमा-

संस्था भन्नाले जग्गा प्रशासन वा सूचना प्रविधि वा कानुनी परामर्श सेवा सम्बन्धी कार्य गर्नको लागि प्रचलित कानुन बमोजिमि दर्ता भएको संस्था सम्झनु पर्छ ।

-माथी उल्लेखित भौतिक पुर्वाधारहरुको साथै योग्यताहरु भएको

-करचुक्ताको प्रमाण पत्र भएको

-संस्था दर्ता प्रमाणपत्र,संस्थाको विधान

-काम गर्ने कम्तिमा १ जना जनशक्ती भएको

## ३.स्थानिय तह को हकमा

## लिखित पत्राचार गरिने

## ३.कानुन व्यवसायी वा लेखापढी व्यवसायीको हकमा

-माथी उल्लेखित भौतिक पुर्वाधारहरुको साथै योग्यताहरु भएको

-लेखापढी तथा कानुन व्यवसायीको प्रमाण पत्र भएको

-युजर आईडी प्रयोग गर्न सक्ने कम्प्युटर सम्बन्धी ज्ञान भएको

४.जन शक्तीको योग्यता-कम्प्युटर बिषय लिई कम्तिमा +२ वा सो सरह उर्तिण गरेको वा कम्तिमा ६ महिना कम्प्युटर तालिम लिएको ।

५.भू-सेवा केन्द्र सम्बन्धि अनुमति पत्र वापत दस्तुर-व्यक्तीको हकमा रु ३०००/-(तिन हजार मात्र )

-संस्थाको हकमा रु ५०००/-(पाँच हजार मात्र)

छनौट भए पश्चात धरौटी वापत-व्यक्तीको हकमा रु ५००००/-(पचास हजार रुपैया मात्र)

छनौट भए पश्चात धरौटी वापत-संस्था को हकमा रु २०००००/-(दुई लाख रुपैया मात्र)

निवेदन दस्तुर – रु२००/-(दुई सय मात्र) फिर्ता नहुने गरि

खाता नम्बर -.........................................मा जम्मा गरेको भौचर ।

६.निवेदन दिने अन्तिम म्याद – सूचना प्रकाशन भएको मितिले ३० दिन सम्म मात्र ।

७.अन्य व्यवस्था प्रचलित कानुन बमोजम हुनेछ ।